# दलहरु होमिए चुनावमा (असोज १५- कार्तिक १४, २०७०)

**भुवन केसी/तिलक पाठक**

**प्रकाशित मिति : कार्तिक २०, २०७० (Nov 6, 2013)**

मोहन वैद्य नेतृत्वको नेकपा माओवादीसहितको ३३ दलीय मोर्चालाई छाडेर अरु राजनीतिक दलहरु संविधानसभा निर्वाचनमा होमिए । निर्वाचनलाई बिथोल्न ३३ दलीय मोर्चा निरन्तर सक्रिय भएपनि निर्वाचन आयोग र राजनीतिक दलहरु अघि बढिरहे । दल र निर्वाचन आयोगलाई सरकारले पु¥याएको सहयोगले ३३ दलीय मोर्चाले अवरोध गर्ने प्रयास गर्दा गर्दै मुलुक निर्वाचनमय हुन पुग्यो । उम्मेदवारको हत्यादेखि ठाउँ-ठाउँमा अवरोध हुँदा पनि निर्वाचनमा भाग लिएका राजनीतिक दलहरु जनताबीच पुगे । यसले गर्दा संविधानसभाको विघटनपछि अवरुद्ध राजनीतिक घटनाक्रम नयाँ ढंगले अघि बढ्न सक्ने वातावरण बन्यो । ३३ दलीय मोर्चा बाहिर रहेर गरिने निर्वाचनले निर्वाचन भयमुक्त हुनेमा शंका उत्पन्न भयो भने निर्वाचनपछि पनि संविधानसभाको पक्ष र विपक्षमा राजनीतिक धु्रवीकरण कायम रहने स्थिति रह्यो । संविधानसभाबाट संविधान जारी भएपनि राजनीतिमा नयाँ नयाँ राजनीतिक द्वन्द्व देखा पर्ने सम्भावना भने कायमै रह्यो ।

नेकपा माओवादीसहितको ३३ दलीय मोर्चा संविधानसभा निर्वाचन प्रक्रियाबाट अलग रहने भएपनि अरु दलहरु निर्वाचनको तयारीमा लागे । उनीहरुले निर्वाचनका लागि आ-आफ्ना कार्यक्रम तयार पार्नुका साथै निर्वाचनमा जुटन आग्रह गरे । नेपाली काँग्रेसका सभापति सुशिल कोइरालाले ‘निर्वाचनको महत्वलाई मनन गरी पार्टीका सम्पूर्ण कार्यकर्ताहरुलाई आफ्नो आधिकारिक उम्मेदवारहरुलाई अत्याधिक बहमुतले विजयी गराउनलाई सम्पूर्ण एकताका साथ आगामी निर्वाचनमा जुटन’[1] निर्देशन दिए । उता, एमाओवादी नेतृत्वको मोर्चा भने बहिष्कारका लागि सक्रिय भयो । ३३ दलीय मोर्चालाई सुनियोजित तरिकाले निर्वाचन प्रक्रियाबाट बाहिर राख्ने षडयन्त्र गरी चार दलका शीर्ष नेताहरु र कठपुतली सरकारद्वारा वार्ताको सम्भावनालाई समाप्त पारिएको अवस्थामा र यथास्थितिमा हुने भनिएको निर्वाचनको नौटंकीको विरोधमा बहिष्कारको आन्दोलनलाई प्रभावकारी रुपमा अगाडि बढाउनुको विकल्प नभएको भन्दै उसले प्रायोजित निर्वाचनलाई बहिस्कार गर्ने निर्णय गरेको’[2] स्पष्ट पा¥यो । सँग सँगै एमाओवादीले निर्वाचनविरुद्ध जिल्ला-जिल्लामा अभियान पनि चलायो । यस क्रममा संखुवासभामा २६ जनालाई प्रहरीले नियन्त्रणमा लियो ।[3] शान्तिपूर्ण रुपमा प्रचार गर्दा पनि पक्राउ गरिएको भन्दै

---

[1] नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले काँग्रेसका नेता/कार्यकर्ताहरुलाई गर्नुभएको अपिल । असोज १६ । २०७० ।

[2] नेकपा माओवादीले जारी गरेको प्रेस विज्ञप्ति । असोज १६ । २०७० ।

[3] माओवादीका अनुसार असोज १६ गते सदरमुकाम खाँदवारीमा पर्चा वितरण गरी प्रचार-प्रसार गरिरहेको समयमा प्रहरीले माओवादीका जिल्ला इन्चार्ज राजेन्द्र कार्की, सेक्रेटरी देवान याख्खा, सहसेक्रेटरी इन्दिरा मिश्र लगायत २६ जनालाई गिरफतार गरेको थियो ।

माओवादीले आपत्ति जनायो । र भन्यो, 'गिरफतार गरिएका साथीहरुलाई अलिलम्ब रिहा गर्न जोडदार माग गर्दछौं ।'[4]

निर्वाचन आयोगको कार्यतालिकाअनुसार समानुपातिकतर्फ एक सय २२ वटा राजनीतिक दलले बन्दसुची पेश गरे । दलहरुले प्रत्यक्षतर्फ पनि उम्मेदवार छनौट गर्न थाले । छनौटमा परेका कपितय उम्मेदवारप्रति व्यापक असन्तुष्टि भयो भने कतिपयले टिकट नपाएका कारण र अर्को पार्टीमा टिकट पाउने आशामा दल अदलवदल नै गरे । सुरुमा एमालेले काठमाडौं क्षेत्र नम्बर १ मा कलाकार भुवन केसीलाई उठाउने निर्णय गरेको थियो । कार्यकर्ताको व्यापक दबाबपछि त्यसमा परिवर्तन गरी नेतृत्वले विद्या न्यौपानेलाई उठाउने निर्णय गऱ्यो । कांग्रेसबाट टिकट नपाएका कारण सर्लाही पत्थरकोटका काँग्रेस नेता शम्भु श्रेष्ठ एमाओवादीमा प्रवेश गरे र टिकट पाए । पार्टी प्रवेश गरेको दुई दिनमै उनले एमाओवादीबाट टिकट पाएका हुन् । एमाओवादी केन्द्रीय सदस्य शिवचन्द्र कुशवाहा टिकट नपाएपछि राजेन्द्र महतो अध्यक्ष भएको सद्भावना पार्टीमा प्रवेश गरी त्यहाँबाट टिकट लिए । यस्तै एमालेबाट एकीकृत नेकपा माओवादी प्रवेश गरे लगत्तै ल्यारक्याल लामा समानुपातिक सुचीमा परे । केही स्थानमा विवाद भएपनि निर्वाचन आयोगमा प्रत्यक्षतर्फ १ सय २१ दलले उम्मेदवारी दर्ता गराए । प्रत्यक्षतर्फ ६ हजार ३ सय ५२ उम्मेदवारको नाम दर्ता भयो । पार्टीका शिर्ष नेताहरुले दुई-दुई ठाउँबाट उम्मेदवारी दिए । *(हेर्नुस बक्स)*

## दुई ठाउँबाट उम्मेदवारी दिने नेताहरु

| नाम | पाटी | जिल्ला | क्षेत्र नम्बर |
|---|---|---|---|
| पुष्पकमल दाहाल | अध्यक्ष, एकीकृत नेकपा माओवादी | काठमाडौं | १० |
| | | सिराह | ५ |
| सुशील कोइराला | सभापति, नेपाली काँग्रेस | बाँके | १ |
| | | चितवन | ४ |
| झलनाथ खनाल | अध्यक्ष, नेकपा एमाले | इलाम | १ |
| | | सर्लाही | १ |
| विजयकुमार गच्छदार | अध्यक्ष, मधेशी जनअधिकार फोरम लोकतान्त्रिक | सुनसरी | ३ |
| | | मोरङ | ७ |
| उपेन्द्र यादव | मधेशी जनअधिकार फोरम | सप्तरी | २ |
| | | मोरङ | ५ |
| माधवकुमार नेपाल | नेकपा एमाले | काठमाडौं | २ |
| | | रौतहट | १ |

[4] नेकपा माओवादीले जारी गरेको प्रेस विज्ञप्ति । असोज १६, २०७० ।

| | | | |
|---|---|---|---|
| बामदेव गौतम | नेकपा एमाले | बार्दिया | १ |
| | | प्यूठान | १ |
| बाबुराम भट्टराई | एकीकृत नेकपा माओवादी | गोरखा | १ |
| | | रुपन्देही | ४ |

उम्मेदवारी दर्तालाई असफल पार्न वैद्य नेतृत्वको माओवादीहरुले केन्द्रीय र स्थानीय तहमा समेत बन्दका कार्यक्रम आयोजना गरे । उनीहरुले चार दलका नेताहरुको पुत्ला जलाए । यसक्रममा सल्यानमा माओवादी र एमाओवादीका कार्यकर्ताबीच झडप भयो । एमाओवादीले आफ्नो सभामा माओवादीले आक्रमण गरेर ६ जनालाई घाइते बनाएको आरोप लगायो ।[5] यस्तै प्रहरीले चितवनबाट माओवादी नेता तथा कार्यकर्ता र दमकबाट संघीय लिम्बुवान राज्य परिषद्का कार्यकर्तालाई गिर्फतार गर्‍यो ।[6]

प्रभावशाली नेताहरु उठेको ठाउँमा बागी दिनेहरु पनि भए । काँग्रेस सभापति कोइरालाको ठाउँमा विकास कोइरालाले बागी उम्मेदवारी दिए । आफूलाई टिकट नदिइएको भन्दै काँग्रेस नेतृ सुप्रभा घिमिरले पार्टी परित्याग गरी स्वतन्त्रबाट उम्मेदवार दिइन् । काँग्रेसका २१, एकीकृत नेकपा माओवादीका १०, नेकपा एमालेका २ र राप्रपाका १ जना बागी उठे । बागी उठेकालाई काँग्रेस, एमाले लगायतका दलहरुले कारवाही अघि बढाए । एमाओवादीले बागी उम्मेदवारी दिएकालाई फिर्ता लिन निर्देशन दियो । काँग्रेसले आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवार भई चुनाव लडेका र बागी उम्मेदवारका प्रस्तावक र समर्थक भएकालाई पार्टीको साधारण सदस्यबाट निष्काशन गर्‍यो ।[7] एमालेले पनि बागी उम्मेदवार, तिनका प्रस्तावक र समर्थकलाई अनुशासनको कारवाही चलाउन जिल्ला कमिटीलाई निर्देशन दियो ।[8] टिकट पाएपछि उम्मेदवारहरु सम्बन्धीत क्षेत्रमा चुनावी अभियानमा सक्रिय भए । यसैक्रममा एमालेका तर्फबाट बारा क्षेत्र नम्बर ४ का उम्मेदवार महमुद अलाममाथि गोली प्रहार भयो ।[9] राजधानीमा उपचारका क्रममा उनको निधन भयो ।[10]

[5] नेकपा माओवादीका अनुसार एकीकृत नेकपा माओवादीको आक्रमणबाट माओवादीका श्याम भण्डारी, गणेशमान सिंह, केशवराज शर्मा, हरि वली, बोधबहादुर विष्ट र शेरबहादुर विष्ट घाइते भएका थिए ।

[6] नेकपा माओवादीका अनुसार माओवादीका केन्द्रीय सल्लाहकार भुमेश्वर कँडेल, पार्टीका जिल्ला सचिव मधुर नेपाल, विद्यार्थी नेता रुद्र भट्टराईसहित २६ जना पक्राउ परेका थिए । झापाको दमकबाट संघीय लिम्बुवान राज्यपरिषद्का प्रेमदीप गम्सुहांग, लिला थापा मगर, शरण जवेगु, धन राईलगायत पक्राउ परेका थिए ।

[7] नेपाली काँग्रेसले निकालेको प्रेस विज्ञप्ति । असोज २३, २०७० ।

[8] नेकपा एमालेले निकालेको प्रेस विज्ञप्ति । असोज २४ । २०७० ।

[9] २०७० साल असाजे १८ गते बाराको परवानीपुरमा अलाममाथि गोली प्रहार गरिएको थियो । उनलाई उपचारका लागि सोही दिन राजधानी ल्याइ शिक्षण अस्पतालमा भर्ना गरिएको थियो ।

[10] आलामको उपचारका क्रममा असोज २५ गते राजधानीमा निधन भएको हो ।

त्यसपछि उम्मेदवारहरुले सुरक्षा माग्न थाले भने गृह मन्त्रालयले उम्मेदवारको सुरक्षा गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दियो । तराईमा विशेष सुरक्षा व्यवस्था लागू गर्ने सरकारको भनाइ थियो । एमाले अध्यक्ष झलनाथ खनालले मन्त्रिपरिषद्का अध्यक्ष झलनाथ खनाललाई निर्वाचनका क्रममा उम्मेदवारहरुको सुरक्षाको प्रत्याभुति गर्न आग्रह गरे । त्यसपछि रेग्मी सरकारले प्रभावकारी सुरक्षा नीति अबलम्बन गरी सम्पूर्ण उम्मेदवारहरुलाई सुरक्षाको पूर्ण प्रत्याभुति दिलाउने गरी कार्य भइसकेको जानकारी गराउँदै शान्तिसुरक्षालाई प्रभावकारी बनाउने गरी सुरक्षा रणनीति तय भइ लागू गरिएको र सुरक्षाको विषयमा सबैबाट संवेदनशील भइ सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।[11]

यता, ३३ दलिय मोर्चाले ‘दलहरुको बीचमा राष्ट्रिय सहमति कायम गरी निर्वाचन सम्पन्न गर्नका लागि उम्मेदवार बनेकालाई उम्मेद्वारी फिर्ता लिएर दलीय सहमति कायम गर्न सहयोग पुऱ्याउनको लागि आग्रह’[12] गऱ्यो । यस आग्रहलाई अस्वीकार गर्दै एमाओवादी, काँग्रेस र एमालेका उम्मेदवारहरु निर्वाचन अभियानमा सक्रिय भएपछि माओवादीले त्यसो नगर्न चेतावनी दियो । तरपनि चुनावको तयारी रोकिएन । दशैंको रमझमसँगै निर्वाचनको माहौल पनि बढ्यो । ढिला गरी भएपनि राजनीतिक दलहरुले निर्वाचन घोषणापत्र जारी गरे । मुख्य राजनीतिक दलहरुले २०६४ सालमा झैं संघीयतासहितको नयाँ संविधान बनाउने प्रतिवद्धता व्यक्त गरे । एमाओवादी, काँग्रेस, एमालेलगायतका राजनीतिक दलहरुले एक वर्षमा नयाँ संविधान जारी गर्ने प्रतिवद्धता व्यक्त गरे ।

## चुनावी घोषणापत्रमा दलीय शासन प्रणाली र संघीयता

| राजनीतिक दल | शासन प्रणाली | संघीयता | मुख्य प्रतिवद्धता |
|---|---|---|---|
| एकीकृत नेकपा माओवादी | शासकीय स्वरुप जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति । संसदबाट निर्वाचित प्रधानमन्त्री । | संघीयता पहिचान सहितको संघीयता । ११ प्रदेशको प्रस्ताव । | समावेशी, समानुपातिक र सहभागितामुलक लोकतन्त्र । |
| नेपाली काँग्रेस | संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री र संवैधानिक राष्ट्रपति | पहिचान भेटिने र जातिय द्वन्द्व मेटिने संघीयता ।<br><br>सामर्थ्य र पहिचानका आधारमा ७ प्रदेश । | अघिल्लो संविधानसभामा भएका सहमतिलाई ग्रहण गर्ने । एक वर्षभित्र संविधान जारी गर्नै । |
| नेकपा एमाले | जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संसदबाट निर्वाचित संवैधानिक राष्ट्रपति | बहुपहिचानका आधारमा ७ प्रदेश | एक वर्षभित्र संविधानको मस्यौदा तयार गर्ने । संविधानसभाबाट टुंगो लाग्न नसकेका विषयमा जनमत संग्रहबाट टुंगो लगाइ संविधान |

[11] मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको निजी सचिवालयले निकालेको प्रेस विज्ञप्ति । असोज २१ । २०७० ।

[12] ३३ दलीय मोर्चाले निकालेको प्रेस विज्ञप्ति । असोज २० । २०७० ।

| | | | |
|---|---|---|---|
| | | | जारी गर्ने । |
| मधेशी जनअधिकार फोरम | प्रत्यक्ष निर्वाचनबाट कार्यकारी राष्ट्रपति । | स्वायत्त मधेश प्रदेश, आठ प्रदेशको प्रस्ताव । | आगामी संविधानसभाबाट जसरी पनि संविधान जारी गर्ने । |
| मधेशी जनअधिकार फोरम लोकतान्त्रिक | संसदले निर्वाचित कार्यकारी प्रधानमन्त्री, संसद र प्रदेशले चयन गरेको राष्ट्रपति । | मधेशमा स्वायत मधेश प्रदेश र थरुहट प्रदेश हुनुपर्ने । राज्य पुनसंरचना आयोगले प्रस्ताव गरेको अवधारणा स्वीकार गर्ने । | एक वर्षभित्रमा संविधान जारी गरिसक्ने । |
| मधेशी जनअधिकार फोरम गणतान्त्रिक | व्यवस्थापिकाद्वारा निर्वाचित प्रधानमन्त्री । संसद र प्रादेशिक विधायिकाबाट निर्वाचित आलंकारिक राष्ट्रपति । | एक मधेश स्वायत्त प्रदेश । जातिय पहिचानसहित भाषिक र सांस्कृतिक एकरुपताको आधारमा संघीय प्रदेशहरुको संरचना । | |
| तराई-मधेश लोकतान्त्रिक पार्टी | संसदबाट चुनिने कार्यकारी प्रधानमन्त्री । आलंककारिक राष्ट्रपति । | मधेशमा एक प्रदेश । राज्यपुनर्संरचना आयोगको प्रतिवेदन मान्य । | |
| संघीय समाजवादी पार्टी | जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति । व्यवस्थापिकाको अनुमोदनमा प्रधानमन्त्री राष्ट्रपतिद्वारा नियुक्त । | संविधानसभा राज्यपुनर्संरचना तथा राज्यशक्ति बाँडफाँट समितिले प्रस्ताव गरेको १४ प्रदेशलाई स्वीकार । जातिय, भाषिक, सास्कृतिक, क्षेत्रिय र ऐतिहासिक पहिचानका आधारमा संघीय प्रदेश निर्माण । | दिगो शान्ति र राजनीतिक स्थिरता । |

स्रोतः *पार्टीका चुनावी घोषणापत्रहरू ।*

एमालेले एक वर्षमा सहमति हुन नसकेका मुद्दालाई जनमत संग्रहमार्फत टुंग्याउने सक्ने प्रावधान समेत ल्यायो । शासकीय स्वरुपमा एमाओवादीले जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति, एमालेले जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र काँग्रेसले संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्रीको प्रस्ताव अघि सार्‍यो । यस्तै एमाओवादीले पहिचान र अधिकारसहितको ११ प्रदेश, एमालेले बहुपहिचानसहितको सात प्रदेश, काँग्रेसले पहिचान र सामाथ्र्यका आधारमा ७ वटा प्रदेशको प्रस्ताव गर्‍यो । यसअघिको निर्वाचनमा एक मधेश एक प्रदेशको नारा दिएपनि तराई मधेशमा केन्द्रीत अधिकांश राजनीतिक दलहरुले यसपटक त्यो नारालाई छोडिदिए । मधेशी जनअधिकार फोरमले मात्र एक मधेश एक प्रदेशको

नारालाई विशेष प्राथमिकतामा राख्यो । यसअघिको संविधानसभामा संसदमा ठूला पार्टीका रुपमा रहेका दलहरुले संविधान निर्माणमा विगतको संविधानसभाले गरेको कामको स्वामित्व लिने प्रतिवद्धता पनि व्यक्त गरे । काँग्रेस र एमालेले बन्द र हडताल कहिल्यै नगर्ने घोषणा गरे । यहीबीचमा निर्वाचन आयोगले निर्वाचनको तयारीलाई तीव्र रुपमा अघि बढायो । समानुपातिक र प्रत्यक्षतर्फ मतपत्र छाप्न थाल्यो  र उम्मेदवार तथा पार्टीलाई चुनाव चिन्ह प्रदान गऱ्यो ।

**चुनावी तथ्यांक**

| | |
|---|---|
| मतदाता संख्या | १ करोड २१ लाख ४७ हजार ८ सय ६५ |
| चुनावमा भाग लिने दल-प्रत्यक्षतर्फ | १२१ |
| चुनावमा भाग लिने दल-समानुपातिकतर्फ<br>मतदान स्थल | १२२<br>१०१४ |
| मतदान केन्द्र | १८४०० |
| निर्वाचनमा खटिने कर्मचारी | २ लाख ५० हजार |
| निर्वाचनमा खटिने सुरक्षाकर्मी | नेपाली सेना- ६१ हजार<br>नेपाल प्रहरी-४५ हजार<br>सशस्त्र प्रहरी-२९ हजार<br>म्यादी- ४५ हजार |

स्रोतः *निर्वाचन आयोग ।*

निर्वाचन आयोगले फोटोसहितको मतदाता परिपत्र वितरण गर्ने भनेपनि समयमा तयार हुने/नहुने निश्चित भएन । त्यसपछि काँग्रेस र एमालेका नेताहरुले निष्पक्ष निर्वाचन हुनेमा शंका व्यक्त गरे । तर, सरकार भने निर्वाचन गराउन दृढ रुपमा प्रस्तुत भयो । नेपाल र नेपालीको शान्ति र समृद्धिका लागि मंसिर ४ गते संविधानसभा निर्वाचनलाई सफल पार्न आवश्यक भएको भन्दै सरकारले निर्वाचनलाई इतिहासले प्रदान गरेको विशेष अवसर र अधिकारका रुपमा ग्रहण गर्दै सफल बनाउन सबैलाई आग्रह गऱ्यो ।[13] दलहरु निर्वाचनमा लागेसँगै ठाउँ-ठाउँमा दलीय झडप तथा आक्रमणका घटना भए । काँग्रेसले रुकुममा एकीकृत नेकपा माओवादीले आफ्नो प्रचार सामग्री लुटनुका साथै कार्यकर्तामाथि

[13] मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले विजया दशमी २०७० को अवसरमा दिनुभएको शुभकामना सन्देश ।

असोज २८ । २०७० ।

आक्रमण गरेको आरोप लगायो ।[14] त्यसैगरी एमाओवादीका कार्यकर्ताले रुकुमकै आठविसकोट गाउँ विकास समितिमा घरदैलो कार्यक्रममा रहेका बेला काँग्रेसका कार्यकर्तालाई आक्रमण गरे ।[15] निर्वाचनको मिति नजिकिदै गर्दा हिंसाका घटनाहरु पनि बढे ।

ताप्लेजुङमा एमाओवादीका उम्मेदवारमाथि नेकपा-माओवादीले सांघातिक आक्रमण गर्‍यो । दाङमा एमाले उम्मेदवार शंकर पोखरेलको गाडी तोडफोड गरियो । सिरहामा एमाओवादी अध्यक्षको 'चुनावी कार्यक्रम क्षेत्रमा दुई ठाउँमा बम फेला परेको'[16] थियो । पाल्पामा गाउँ छिर्न लागेका एमाओवादीका कार्यकर्तालाई माओवादीले फर्काएको थियो । माओवादीले बन्द गर्ने, गाडी तोडफोड गर्ने र बम राखेर ठाउँ-ठाउँमा आतंक सिर्जना गर्ने प्रयास गरे ।

**हिंसात्मक घटना**

| | |
|---|---|
| **असोज १५** | म्यादी प्रहरीको छनौट अछाममै हुनुपर्ने माग गर्दै युवाद्वारा अछामको निर्वाचन कार्यालय तोडफोड । |
| **असोज १६** | काँग्रेस कपिलवस्तुका चारवटै निर्वाचन क्षेत्रका असन्तुष्ट नेताहरुद्वारा सामूहिक रुपमा राजिनामा दिई कार्यालयमा तालाबन्दी । |
| **असोज १७** | सल्यानमा नेकपा माओवादी र एकीकृत नेकपा माओवादीका कार्यकर्ताबीच झडप, ६ जना घाइते ।<br><br>चार दलका नेताहरुको पुत्ला दहन गरेको आरोपमा चितवनमा नेकपा माओवादीका १६ जना कार्यकर्ता गिरफतार । |
| **असोज २२** | दाङमा युवाबीच खुकुरी हानाहान, युवासंघका सदस्यसहित दुई घाइते । |
| **असोज २५** | म्याग्दीको बिममा नेकपा माओवादीका कार्यकर्ताद्वारा एकीकृत नेकपा माओवादीको चुनाव प्रचार टोलीमाथि आक्रमण, दुई जना घाइते । |
| **असोज २९** | मुगुको भिइ गाउँ विकास समिमिा काँग्रेसको घरदैलो कार्यक्रममा नेकपा माओवादीको आक्रमण, दुवैतर्फ गरी १० जना घाइते । |
| **असोज ३०** | काँग्रेस कार्यकर्ताले रुकुमको गरायला, सिम्ली गाउँ विकास सिमितिका लागि लगेको |

[14] काँग्रेसका अनुसार २०७० साल असोज ३० गते एकीकृत नेकपा माओवादीका कार्यकर्ताले रुकुमको गरायला, सिम्लीलगायतका गाउँ विकास सिमितिका लागि लगेको प्रचार सामग्री एकीकृत नेकपा माओवादीले लुटेका थिए । झुला गविसमा कार्यकर्तामाथि सांघातीक आक्रमण गरेका थिए ।

[15] नेपाली काँग्रेसका अनुसार २०७० साल कार्तिक ३ गते रुकुमको आठविसकोट गाउँ विकास समितिमा घरदैलो भइरहेका बेला एमाओवादीका कार्यकर्ताले आक्रमण गर्दा तरुण दल जिल्ला कार्यसमिति सदस्य जनककुमार वाठा र काँग्रेसका आठविसकोट गाउँ कार्य समितिका सभापति दीपककुमार शाही घाइते भएका थिए ।

[16] सुरक्षा चुनौति, उम्मेदवारमाथि आक्रमण, प्रचार अवरोध । कार्तिक ९ । २०७० । *कान्तिपुर* पृ. १ ।

| | |
|---|---|
| | प्रचार सामग्री एकीकृत नेकपा माओवादीद्वारा लुटपाट, झुला गाविसमा काँग्रेस कार्यकर्तामाथि सांघातीक आक्रमण । |
| **असोज ३१** | चुनावी अभियानमा सक्रिय एकीकृत नेकपा माओवादीको टोलीमाथि अछाममा अज्ञात समूहद्वारा गोली प्रहार ।<br><br>मधेशी जनअधिकार फोरम नेपाल लोकतान्त्रिकका तर्फबाट सिरहा क्षेत्र नम्बर ४ का उम्मेदवार शत्रुध्न सिंहमाथि आक्रमण । |
| **कार्तिक २** | डोटी बन्दका क्रममा प्रहरीद्वारा माओवादीका डोटी इन्चार्ज विवेक कुमाल, सहइन्चार्ज दिपेन्द्र चलाउने, सहसेक्रेटरी गणेश रैकाल, जिल्ला सचिवालय सदस्य वीरबहादुर थापा लगायत पक्राउ ।<br><br>रौतहटमा नेपाली काँग्रेस र एमालेका कार्यकर्ताबीच झडप ।<br>दाङमा एकीकृत नेकपा माओवादीका जिल्ला सदस्य हरिचन्द्र चौधरीमाथि अज्ञात समूहद्वारा आक्रमण । |
| **कार्तिक ३** | रुकुमको आठविसकोट गाउँ विकास समितिमा घरदैलो भइरहेका बेला एकीकृत नेकपा माओवादीका कार्यकर्ताद्वारा आक्रमण । तरुण दल जिल्ला कार्य समिति सदस्य जनककुमार वाठा र काँग्रेसका आठविसकोट गाउँ कार्य समितिका सभापति दीपककुमार शाही घाइते ।<br>रुकुममा एकीकृत नेकपा माओवादीको चुनाव प्रचार ऱ्यालीमाथि काँग्रेसका कार्यकर्ताद्वारा आक्रमण । |
| **कार्तिक ४** | म्याग्दीको पिप्लेमा नेकपा माओवादीद्वारा एमालेको प्रचार सामग्री तोडफोड । |
| **कार्तिक ५** | बाग्लुङमा वाइसिएलका कार्यकर्ताद्वारा काँग्रेसका बालकुमार पुन र भवानी शंकर पुनमाथि आक्रमण ।<br>नेकपा माओवादीद्वारा मोरङको बाहुनी गाउँ विकास समितिबाट निर्वाचन सामग्री लुटपाट ।<br>नेकपा माओवादीद्वारा जाजरकोटमा एकीकृत नेकपा माओवादीका प्रचार सामग्री नियन्त्रण । |
| **कार्तिक ६** | नेकपा माओवादीद्वारा रसुवाको बुनुवामा एकीकृत नेकपा माओवादीको महिला कार्यकर्तामाथि एसिड प्रहार । |
| **कार्तिक ७** | एकीकृत नेकपा माओवादीद्वारा सिन्धुलीको दुधौली गाउँ विकास समितिमा काँग्रेसको प्रचार सामग्री च्यात्नुका साथै प्रचार कार्यालय तोडफोड ।<br><br>गोरखाको धावामा एकीकृत नेकपा माओवादी र एमालेका कार्यकर्ताबीच झडप, दुई जना घाइते ।<br><br>झापामा निर्वाचनको विरुद्धमा मार्चपास गर्ने तयारी गरेका संघीय लिम्बुवान राज्य परिषद्का एक सय सात कार्यकर्ता प्रहरीद्वारा पक्राउ ।<br><br>एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई अवरोध गर्न नेकपा माओवादीद्वारा सुनसरी, धनकुटा र तेह्रथुम जिल्ला बन्द । |

| | |
|---|---|
| | नेकपा माले समाजवादीका तर्फबाट सप्तरी निर्वाचन क्षेत्र नम्बर ५ का उम्मेदवार सिंहेश्वर साहमाथि अज्ञात समूहद्वारा आक्रमण । |
| **कार्तिक ८** | नेकपा माओवादीका कार्यकर्ताद्वारा दाङमा नेकपा एमालेका सचिव तथा क्षेत्र नम्बर ४ का उम्मेदवार शंकर पोखरेल चढेको गाडी तोडफोड ।<br>नेकपा माओवादीका कार्यकर्ताद्वारा ताप्लेजुङ क्षेत्र नम्बर १ मा एकीकृत नेकपा माओवादीका तर्फबाट उम्मेदवार भएका सञ्चपाल मादेनमाथि सांघातीक आक्रमण ।<br><br>इलाममा नेकपा एमालेको चुनावी सभा बिथोल्न खोज्ने संघीय लिम्बुवान राज्य परिषद्का दुई कार्यकर्ता प्रहरीद्वारा पक्राउ ।<br><br>तामाङ राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताद्वारा विराटनगरस्थित एकीकृत नेकपा माओवादीको कार्यालयमा तालाबन्दी ।<br><br>एकीकृत नेकपा माओवादीका कार्यकर्ताद्वारा गोरखाको स्वाँरा गाविस ४ खारचोकमा एमालेका कार्यकर्तामाथि आक्रमण, १५ जना घाइते । |
| **कार्तिक ९** | एकीकृत नेकपा माओवादीद्वारा झापाको शनिश्चरे बजारमा एमालेको झण्डा च्यातच्यूत ।<br>नेपाली काँग्रेसका कार्यकर्ताद्वारा काठमाडौंको जोरपाटीमा एमाले कार्यकर्तामाथि आक्रमण, तीन जना घाइते ।<br><br>कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर ४ का उम्मेदवार मोहन गिरी चढेको गाडीमा आगजनी ।<br><br>कैलाली जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ मा राप्रपाका तर्फबाट उम्मेदवार बनेका वीरेन्द्रबहादुर बमको गाडी तोडफोड ।<br><br>मोरङ निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार कुमारप्रसाद पौडेलको गाडी तोडफोड । |
| **कार्तिक ११** | काठमाडौं क्षेत्र नम्बर ५ का उम्मेदवार नरहरि आचार्य चढेको गाडीमा धापासीमा पेट्रोल छर्की आगजनी ।<br><br>नवलपरासी निर्वाचन क्षेत्र नम्बर ४ बासामा रहेको एमालेको चुनाव प्रचार कार्यालयमा बम फेला ।<br><br>एकीकृत नेकपा माओवादीका तर्फबाट इलाम क्षेत्र नम्बर २ का उम्मेदवार रमेश लिङदेनमाथि आक्रमण । |
| **कार्तिक १२** | महोत्तरीको रतौली गाउँमा नेपाली काँग्रेस र मधेशी जनअधिकार फोरम नेपालका कार्यकर्ताबीच झडप, ६ जना घाइते ।<br><br>नेपाली काँग्रेसको तर्फबाट धनकुटा क्षेत्र नम्बर २ मा उम्मेदवार भएका आनन्द सन्तोषी राईको चुनावी अभियानमा प्रयोग भएको गाडीमा आगजनी । |

| | |
|---|---|
| **कार्तिक १३** | म्याग्दीको सुर्के मेलामा एकीकृत नेकपा माओवादीका कार्यकर्तामाथि आक्रमण ।<br><br>तनहुँमा काँग्रेस उपसभापति रामचन्द्र पौडेलको गाडीमाथि बम प्रहार । |

गोरखामा एमाओवादीका कार्यकर्ताले एमाले कार्यकर्तामाथि आक्रमण गरे । गोरखामै काँग्रेसका नेता मिनेन्द्र रिजाल सहितको टोलीमाथि एमाओवादीका कार्यकर्ताले आक्रमण गरे ।[17] काँग्रेसले घटनामा संलग्न भएकालाई कारवाही गर्न माग गर्दै यस्ता घटना दोहोरिन नदिन गम्भीर बन्न सरकारलाई आग्रह गऱ्यो । उता, माओवादीले दाङमा एमालेका उम्मेदवार शंकर पोखरेलको गाडी तोडफोड गरे । माओवादीले स्थानीय तहमा पटक-पटक बन्दका कार्यक्रम राख्यो जसलाई असफल बनाउन सरकार पनि कडा रुपमा प्रस्तुत भयो ।[18] ठाउँ-ठाउँमा माओवादीले अवरोध सिर्जना गर्न थालेपछि सरकार झनै आक्रमक रुपमा प्रस्तुत हुन थाल्यो । मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले मतदाता, उम्मेदवार, निर्वाचनमा संलग्न जनशक्ति तथा अन्य सबैको सुरक्षा गर्ने, निर्वाचनसँग सम्बन्धित आवश्यक सामाग्रीको प्रबन्ध गर्ने एवं निर्वाचनमैत्री वातावरण निर्माण गर्ने कार्यमा विशेष रुपमा क्रियाशील रहने भन्दै निर्वाचनमा कुनैपनि प्रकारको प्रभाव, असुरक्षा, अवरोध वा अशान्ति गरिएको अवस्थामा त्यसमा सरकारले कुनै सम्झौता नगर्ने बताए ।[19]

नेकपा माओवादीले एमाओवादीलाई बढी लक्षित गरेको देखियो । एमाओवादी अध्यक्ष दाहाल पुगेको ठाउँमा बन्द गर्ने, अवरोध गर्ने र बम राख्ने क्रम बढ्यो । माओवादीको अवरोधलाई असफल पार्न सरकारले सम्भव सबै प्रयास गऱ्यो । मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले निर्वाचनको विरोध गर्नेहरु पानीको फोका सरह भएको टिप्पणी गरे । त्यसपछि माओवादी नेतृत्वको मोर्चा झनै आक्रमक रुपमा प्रस्तुत भयो । उता, राजनीतिक दलहरुले भने निर्वाचनको तयारीलाई तीव्रता दिए । खासगरी काँग्रेस, एमाले र एमाओवादीका नेताले आफ्नो पार्टीले बहुमत पाए मात्रै संविधान बन्ने दाबी गरे । निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउने बताएपनि नेताहरुले आफ्नो अनुकुल परिणाम ल्याउन कार्यकर्तालाई जुझारु रुपमा प्रस्तुत हुन निर्देशन दिए । चुनाव प्रचारको क्रममा किर्तिपुर पुगेका एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले 'साम, दाम, दण्ड, भेद'[20] सबै प्रयोग गरेर भए पनि चुनाव जित्न कार्यकर्तालाई निर्देशन दिए ।

निर्वाचनलाई अवरोध पार्न ३३ दलीय मोर्चा व्यापक सक्रिय भएपनि उम्मेदवारहरु मत माग्न जनताको घर दैलोमा पुगे । सरकार पनि सुरक्षा प्रदान गर्नका लागि उत्तिकै सक्रिय भयो । मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले चारवटै सुरक्षा निकायका प्रमुखहरु सम्मिलित बैठकमा संविधानसभा निर्वाचन शान्तिपूर्ण एवं

[17] काँग्रेसका अनुसार रिजालसहितको टोलीलाई एकीकृत नेकपा माओवादीका कार्यकर्ताले गोरखाको लुदी खोलामा आक्रमण गरेका थिए ।

[18] नेकपा माओवादीका अनुसार कार्तिक २ गते राखिएको डोटी बन्दका क्रममा प्रहरीले माओवादीका डोटी इन्चार्ज विवेक कुमाल, सहइन्चार्ज दिपेन्द्र चलाउने, सहसेक्रेटरी गणेश रैकाल, जिल्ला सचिवालय सदस्य वीरबहादुर थापा लगायतलाई पक्राउ गरेको थियो ।

[19] मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले *गैरआवासीय नेपाली संघ*द्वारा आयोजित छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलनको समापन समारोहमा गरेको सम्बोधन । कार्तिक ५ । २०७० ।

[20] जसरी पनि जितौं : दाहाल । कार्तिक ७ । २०७० । *अन्नपूर्ण पोष्ट* पृ. १ ।

भयरहित वातावरणमा स्वतन्त्र, स्वच्छ र विश्वसनीय ढङ्गले सम्पन्न गर्न अवलम्बन गरिने आवश्यक सुरक्षा रणनीति, उम्मेदवारहरुको सुरक्षा, निर्वाचनसम्बन्धी कार्यक्रमको सञ्चालन एवं भयरहित वातावरणमा निर्धक्क भएर मतदान गर्न पाउने नागरिकको मताधिकार सुनिश्चित गर्नेबारे छलफल गरे ।[21] निर्वाचनको सुरक्षाका लागि नेपाली सेना पनि व्यारेकबाट बाहिर निस्कियो । चुनाव प्रचारका क्रममा राजनीतिक दलहरुले एक अर्कालाई आचार संहिता उल्लंघन गरेको आरोप लगाइरहे ।

## निष्कर्ष

निर्वाचन बिथोल्न मूलत नेकपा माओवादीले बन्द, हिंसा, डर र त्रास फैलाएको देखियो । उनीहरुले ठाउँ ठाउँमा अवरोध गरेपनि राज्यको संयन्त्र उसलाई असफल पार्न सक्रिय रह्यो । बहुसंख्यक दल र जनता संविधानसभाको पक्षमा देखिए । राजनीतिका केन्द्रीय मुद्दा लिएर उम्मेदवारहरु जनताबीच पुगेपनि उनीहरुले भने संविधान, संघीयताभन्दा पनि स्थानीय मुद्दा पूरा गर्न जोड दिए । ३३ दलीय मोर्चाका कारण निर्वाचन हुँदैन कि भन्ने आशंका घटदै गएपनि निर्वाचन भयमुक्त हुनेमा भने धेरैमा शंका कायमै रह्यो ।

## मुख्य राजनीतिक घटनाक्रम

| | |
|---|---|
| **असोज १५** | नेकपा एमालेद्वारा २ सय ३८ क्षेत्रको प्रत्यक्षतर्फको उम्मेदवारको नाम टुंगो ।<br>समानुपातिका लागि १ सय २४ दलद्वारा निर्वाचन आयोगमा निवेदन दर्ता ।<br>एकीकृत नेकपा माओवादीको बैठक, शिर्ष नेताहरुको निर्वाचन क्षेत्र टुंगो । |
| **असोज १६** | नेपाली काँग्रेस सदस्यीय बोर्डको बैठक, २ सय ३७ स्थानको टुंगो ।<br>नेकपा माओवादीद्वारा आफूहरुलाई निर्वाचन प्रक्रिया बाहिर राखेर चार दल र सरकारले षडयन्त्र गरेको आरोप ।<br>नेपाली काँग्रेसकी नेतृ सुप्रभा घिमिरेद्वारा पार्टी परित्याग ।<br>एकीकृत नेकपा माओवादीद्वारा अधिकांश स्थानको उम्मेदवार टुंगो । |
| **असोज १७** | प्रत्यक्षतर्फका लागि राजनीतिक दलहरुद्वारा निर्वाचन आयोगमा उम्मेदवारी दर्ता । |
| **असोज १८** | समानुपातिकका लागि राजनीतिक दलहरुद्वारा निर्वाचन आयोगमा बन्द सूची दर्ता ।<br>नेकपा एमालेका बारा क्षेत्र नम्बर ४ का उम्मेदवार महमुद आलममाथि चुनाव प्रचारका क्रममा बाराको परवानीपुरमा गोली प्रहार । |
| **असोज १९** | संविधानसभाका लागि मतपत्र छाप्ने काम सुरु ।<br>एकीकृत माओवादीद्वारा कृष्णसेन समाचार सेवा शुरु । |

[21] मन्त्रिपरिषद्का अध्यक्षका प्रेस सल्लाहकार विमल गौतमले जारी गरेको प्रेस विज्ञप्ति । कार्तिक १३ । २०७० ।

| | |
|---|---|
| **असोज २०** | नेकपा माओवादीसहितको ३३ दलिय मोर्चाद्वारा उम्मेदवारी फिर्ता लिन भन्दै राजनीतिक दलहरुलाई पत्राचार । |
| **असोज २१** | एमाले अध्यक्ष झलनाथ खनालद्वारा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग भेटघाट, उम्मेदवारको सुरक्षाका लागि विशेष ध्यान पुऱ्याउन आग्रह । |
| **असोज २२** | भ्रष्टाचारको अभियोगमा जेल परेका काँग्रेस नेता खुमबहादुर खड्का रिहा । |
| **असोज २४** | निर्वाचन आयोगद्वारा उम्मेदवारलाई चुनाव चिन्ह प्रदान । |
| **असोज २५** | एमालेका बारा क्षेत्र नम्बर ४ का उम्मेदवार महमुद आलमको राजधानीमा निधन । |
| **असोज ३१** | मधेशी जनअधिकार फोरम नेपालद्वारा घोषणापत्र सार्वजनिक, एक मधेश एक प्रदेश मुख्य मुद्दा । |
| **कार्तिक ३** | बारा क्षेत्र नम्बर ४ मा मोहुमद आलमको ठाउँमा उनको श्रीमती नजमा खातुन उठाउने एमालेको निर्णय । |
| **कार्तिक ६** | राष्ट्रिय जनमोर्चाद्वारा घोषणापत्र सार्वजनिक, संघीयता खारेज हुनुपर्ने माग ।<br><br>निर्वाचन आयोगद्वारा समानुपातिक तर्फको बन्द सूची सार्वजनिक, बन्द सूचीमा एक सय २२ दल । |
| **कार्तिक ७** | मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र राष्ट्रपति रामवरण यादवबीच भेटवार्ता, मंसिर ४ गतेको संविधानसभाको चुनवाका क्रममा शान्ति सुरक्षा लगायतका विषयमा छलफल ।<br><br>नेपाली काँग्रेसद्वारा घोषणापत्र सार्वजनिक, संसदबाट निर्वाचित प्रधानमन्त्री र संवैधानिक राष्ट्रपति । |
| **कार्तिक ८** | नेकपा माओवादीका कार्यकर्ताद्वारा दाङमा एमाले सचिव शंकर पोखरेलको गाडी तोडफोड ।<br><br>एकीकृत नेकपा माओवादीका तर्फबाट ताप्लेजुङ क्षेत्र नम्बर १ का सभासद सन्चपाल मादेनमाथि आक्रमण । |
| **कार्तिक ११** | मधेशी जनअधिकार फोरम लोकतान्त्रिकको घोषणापत्र सार्वजनिक, तराईमा स्वायत्त मधेश प्रदेश र  स्वायत्त थरुहट प्रदेशको माग । |
| **कार्तिक १२** | नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यद्वारा संविधानसभा निर्वाचन स्थगनको माग । |